

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २५ गते सोमबार ❑ 9 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकी प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न केही प्रयास गरेः मन्त्री बराल

पोखरापत्र संवाददाता

पोखरा, २४ पुस

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न केही प्रयास गरेको बताएका छन्।

आइतबार मन्त्रालयमै आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री बरालले आफ्नो डेढ वर्षीय छोटो कार्यकालमा पनि प्रदेशको आन्तरिक राजस्व वृद्धि गर्न केही सार्थक प्रयास गरेको बताएका हुन्। राजस्व अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने हिसाबले आर्थिक ऐनमा राजस्वको दर र दायरामा प्रगतिशील करको सिद्धान्तलाई आधार मानि परिमार्जन गर्दा आफु केही आलोचित भए पनि त्यसले समग्र प्रदेशको आन्तरिक श्रोत बृद्धि हुने उनले दाबी गरे। उनले भने "यस अभियानले गर्दा प्रदेश सरकारको राजस्वमा तुलनात्मक हिसाबले गुणात्मक वृद्धी हुने निश्चित छ भने जसले आत्मनिर्भर गण्डकी प्रदेश निर्माणको अभियानलाई टेवा पुऱ्याउने नै छ।"

साना तथा टुक्रे योजनालाई निरुत्साहित गर्न खोजेको उल्लेख गर्दै मन्त्री बरालले थोरै बजेटले धेरै योजनामा बजेट विनियोजन हुदा प्रभावकारी नहुने दाबी गरे। उनले भने "गत आर्थिक बर्षहरुको




बजेट कार्यक्रमको तुलनात्मक अध्ययन गर्दा हामीले बजेट निर्माण गर्दा सानो र टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै ठूला, परिणाममुखी योजना निर्माण तर्फ ध्यान दिन खोजेको संकेतहरु प्रष्टरुपमा देखिन्छ।" ५ करोड भन्दा मुनिका योजनाहरुलाई सम्बन्धित मन्त्रालयमा उपलब्ध हुने स्रोतको र प्राथमिकताको आधारमा व्यवस्था हुनेगरी सो भन्दा माथिका मात्र योजनाहरुलाई बहुवर्षीय योजनाको रुपमा लैजाने सक्ने व्यवस्था गरेको मन्त्री बरालको भनाई थियो।

तीन तहका सरकार भए पछि निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम धेरै आवश्यकता नभएको ठानेर बजेट तथा कार्यक्रममा नल्याएको तर त्यसलाई पछि राख्नुपर्छ भन्ने माग भए पछि भने पुर्वाधार विकास कार्यक्रम भनि ल्याउने तयारी गरिएको मन्त्री बरालले बताए। हिजो काठमाण्डौ केन्द्रिय राज्य प्रणालीले ल्याएको नियम अब पनि पालना गर्नु पर्छ भन्ने आफ्नो मान्यता नभएको मन्त्री बरालको भनाई थियो। आफुले कार्यान्वयन गर्न खोजेको उक्त अभियान आफ्नो पालामा लागु भएको भए व्यक्तिगत रुपमा थप खुसि हुने उनले जनाए। मन्त्री बरालले आफु २०७८ श्रावण ८ गते गण्डकी प्रदेशको अर्थमन्त्रीको रुपमा कार्यभार सम्हालेको उल्लेख गर्दै आर्थिक स्थायित्व र विकास गर्न केही प्रयास गरेको बताए। वित्तिय श्रोतको प्रभावकारी र समुचित उपयोगबाट प्रदेशमा आर्थिक सन्तुलन कायम गर्दै समुन्नत र समृद्ध प्रदेश निर्माणको अभियानमा टेवा पुवाउन सफल भएको मन्त्री बरालले बताए। उत्पादन र उत्पादकत्व अभिवृद्धि, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी, स्वच्छ खानेपानी र नवीकरणीय उर्जा, शिक्षा र सामाजिक विकास, स्वास्थ्य सेवाको सुदृढिकरण, पर्यावरणीय संरक्षण, पुर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धन प्रदेशको मुख्य प्राथमिकतामा रहेको मन्त्री बरालले बताए। गण्डकी प्रदेशमा आयात प्रतिस्थापन गर्नको लागि कृषि उत्पादन तथा उत्पादकत्व बढाउन र सो बजारीकरण गरी व्यवस्थित बनाउन एक निर्वाचन क्षेत्र एक कृषि सडकको अवधारणा सहित बजेट व्यवस्था गरिएको मन्त्री बरालले बताए।

गण्डकी प्रदेशको नयाँ सरकारले प्रदेश सरकारका बाँकी कार्यभारहरु, जनताको आशा र अपेक्षा बमोजिम कार्य सम्पादन गर्ने अपेक्षा सहित आफ्नो छोटो कार्यकालमा सहयोग गर्ने सम्पूर्ण संघ संस्था तथा व्यक्तिहरुलाई मन्त्री बरालले धन्यवाद समेत व्यक्त गरे। गण्डकी प्रदेशमा अब आउने नयाँ सरकार र मुख्यमन्त्री तथा मन्त्रीहरुलाई समेत मन्त्री बरालले अग्रिम शुभकामना दिदै प्रदेशका गौरवका योजनालाई प्राथमिकता दिन आग्रह गरे। पत्रकार भेटघाट कार्यक्रममा अर्थ सचिव बिष्णु प्रसाद शर्मा, स्वकीय सचिव भिम बि.क.(क्षितिज), मन्त्रीका निजी सचिव कृष्ण प्रसाद पौडेल लगायतको उपस्थिती रहेको थियो।

## सत्ता साझेदार दलको बैठकले दलहरूसँग विश्वासको मत माग्ने निर्णय

रासस

काठमाडौं, २४ पुस

सत्ता साझेदार सात दलको बैठकले सरकारका लागि संसदमा रहेका सबै राजनीतिक दलहरूसँग विश्वासको मत माग्ने निर्णय गरेको छ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटामा आइतबार साँझ बसेको बैठकले सरकार सञ्चालनका लागि सत्ता साझेदार दलहरूको न्यूनतम साझा कार्यक्रमलाई अन्तिम रूप दिने र छिट्टै औपचारिक रूपमा सार्वजनिक गर्नेसमेत निर्णय गरेको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्य किरण शर्माले जानकारी दिनुभयो। बैठकमा सत्ता साझेदार दलहरूबीच संघीय र प्रादेशिक तहमा सत्ता साझेदारीको प्याकेजका बारेमा छलफल भएको थियो। सत्ता साझेदारीका बारेमा मूलभूत रूपमा सहमति जुटेको र शीर्ष तहमा समझदारी कायम गरी छिट्टै सार्वजनिक गर्ने पनि बैठकले निर्णय गरेको छ।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउतको सहभागिता रहेको थियो। आइतबारको बैठकले सातवटै प्रदेशका प्रमुख, मुख्यमन्त्री, सभामुख, उपसभामुख र मन्त्रीहरु बाँडफाँटमा सहमति जुटाउने भनिए पनि निर्णय हुन सकेको छैन।

माओवादी, राप्रपा र जसपाका सांसदहरुले समर्थनमा आइतबार प्रदेश १ मा एमाले संसदीय दलका नेता हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त भइसक्नुभएको छ। प्रतिनिधिसभाको पहिलो बैठक भोली सोमबार बस्दै छ। बैठकमा सभामा प्रतिनिधित्व गर्ने १२ राजनीतिक दलका नेताले शुभकामना मन्तव्य दिनुहुनेछ। सोमबारको बैठकमा ज्येष्ठ सदस्य जबराले यही पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विश्वासको मत लिने प्रस्तावबारे जानकारी गराउनुहुनेछ। प्रधानमन्त्री प्रचण्डले यही मङ्गलबार विश्वासको मत लिनुहुने छ।

## चीन-नेपाल रणनीतिक साझेदारीमा भूमिका खेल्छु : नवनियुक्त चिनियाँ राजदूत

पोखरापत्र संवाददाता

पोखरा, २४ पुस

नेपालका लागि नवनियुक्त राजदूत चेन सोङ कार्यभार सम्हाल्न आइतबार काठमाडौँ आइपुग्नुभएको छ। उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र मन्त्रालय र चिनियाँ दूतावासका प्रतिनिधिले स्वागत गर्नुभएको थियो।

यसअघिका चिनियाँ राजदूत होउ यान्छी कार्यकाल पूरा गरी स्वदेश फर्किएपछि चीन सरकारले उहाँलाई नयाँ राजदूतका रुपमा नियुक्त गरेको थियो। राजदूत चेन नेपालका लागि चीनका २२औं राजदूत हुनुहुन्छ।

सो अवसरमा उहाँले हिमाल र नदीले जोडिएको चीन र नेपालबीच चिरकालीन मित्रता रहेको र सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै चीन र नेपालले सधैं एकअर्कालाई सम्मान, विश्वास र समर्थन गर्दै आएका उल्लेख गर्नुभयो। साथै राजदूत चेनले सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपालको ऐतिहासिक राजकीय भ्रमण गर्नुभएको र दुई राष्ट्र प्रमुखले विकास र समृद्धिका लागि सदा चिरस्थायी मित्रतासहितको सहकार्यको रणनीतिक साझेदारी निर्माण गर्न सहमत भएको समेत स्मरण गर्नुभयो। नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत छेन् सोङ्ले नेपाल र चीन दुई देशका नागरिकको हितलाई केन्द्रमा राखेर काम गर्ने बताएका छन्। नयाँ राजदूत छेनले दुवै देशमा राजनीतिक दलका महाधिवेशन र आम निर्वाचनमार्फत नयाँ नेतृत्व आएको भन्दै यसले नेपाल र चीनको पुरानो मित्रतामा सहकार्यको नयाँ आयम थपिने बताए। उनले सार्वभौमिकता, राष्ट्रिय अखण्डताको रक्षा, आन्तरिक र बाह्य सहकार्यका विषयमा समेत चीनले नेपाललाई दृढतापूर्वक सहयोग गर्ने बताए। नवनियुक्त राजदूत छेन् यसअघि चिनियाँ विदेश मन्त्रालयको एसिया विभागका उपमहानिर्देशक थिए। उनी चीनको विदेश मन्त्रालयअन्तर्गत रहेको एसिया मामिला विभागमा रहेका पाँच जना उपमहानिर्देशकमध्ये एक थिए। उनले नेपाल र अफगानस्तानसहित दक्षिण एसियाली मुलुकहरू हेर्दै आइरहेका थिए।

## पोखराको मान्द्रेढुङ्गाबाट माघ १ देखि प्याराग्लाइडिङको व्यावसायिक उडान

पोखरापत्र संवाददाता

पोखरा, २४ पुस

पोखराको मान्द्रेढुङ्गाबाट आगामी माघ १ देखि प्याराग्लाइडिङको व्यावसायिक उडान हुनेभएको छ। यही पुस १७ देखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै प्याराग्लाइडिङको उडान मान्द्रेढुङ्गाबाट हुनेभएको हो।

पोखरा महानगर- २४ मा पर्ने मान्द्रेढुङ्गाबाट अहिले प्याराग्लाइडिङको परीक्षण उडान भइरहेको छ। विमानस्थल सञ्चालन आएपछि नेपाल नागरिक उड्डयन प्राधिकरणले सराङकोट, तोरिपानी र तामागी क्षेत्रमा प्याराग्लाइडिङ उडानमा रोक लगाएको थियो। मान्द्रेढुङ्गा सराङकोटबाट करिब पाँच किलोमिटर पश्चिममा पर्छ।

प्याराग्लाइडिङ साहसिक गतिविधिमा रुचि राख्ने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै आएको छ। प्राधिकरणले सराङकोटलगायतका स्थानबाट प्याराग्लाइडिङमा रोक लगाएपछि विकल्पमा मान्द्रेढुङ्गाबाट उडानको तयारी गरिएको नेपाल हवाई खेलकुद संस्था (ना)का अध्यक्ष सुनिल भट्टराईले जानकारी दिनुभयो। "तालिका मिलाएर सराङकोटबाट उडान गर्न प्रयास गरेका थियौं", उहाँले भन्नुभयो, "उक्त स्थानबाट सम्भव नभएपछि हवाई सुरक्षाका



कारण नमिल्ने निर्ष्कषसहित मान्द्रेढुङ्गाबाट उडान तयारी गरेका छौं, प्राविधिक टोली र प्यारापाइलटको परीक्षण उडान भइरहेको छ।" यसअघि सराङकोटको एक हजार चार सय ५० मिटर उचाइबाट करिब सात हजार फिटको क्यापमा प्याराग्लाइडिङ उडान भइरहेकोमा मान्द्रेढुङ्गाबाट भने एक हजार सात सय ४० मिटर उचाइबाट छ हजार फिट क्यापमा उडान हुनेछ। यसअघि पनि मान्द्रेढुङ्गाबाट उडान भए पनि व्यावसायिक उडान नभएको भट्टाईले बताउनुभयो।

मान्द्रेढुङ्गाबाट हुने उडान पामेमा अवतरण हुनेछ। अहिले परीक्षणका क्रममा पनि पामे फाँटमा अवतरण भइरहेको उहाँले जानकारी दिनुभयो। मान्द्रेढुङ्गाबाट व्यावसायिक उडानअघि प्यारापाइलट र प्याराग्लाइडिङ व्यवसायीलाई सुरक्षा र अन्य आधारभूत विषयमा एकदिने प्रशिक्षण गोष्ठी सञ्चालन गरिसकेको छ। करिब एक दशकदेखि व्यावसायिक उडान गर्दै आउनुभएका प्यारापाइलट माधव तिवारीले नयाँ ठाउँमा सिर्धै उडान गर्दा हावाको वहावको दिशा, उडान सहजता र सुरक्षा अवस्था परीक्षण उडानबाट जानकारी लिइरहेको बताउनुभयो।

"व्यावसायिक उडानका लागि यो नयाँ ठाउँ हो, हामीले वर्षौंदेखि उडान गर्दै आए पनि नयाँ ठाउँको अवस्थाबारे अध्ययन जरुरी हुन्छ", उहाँले भन्नुभयो, "अहिले उडान परीक्षणमा हामी जुटिरहेका छौं, अहिले प्यारापाइलटनै राखेर टेण्डम उडान भइरहेको छ।"

उहाँले उक्त स्थानबाट पनि पोखरा र आसपासका सुन्दर हिमशृङ्खला, तालतलैया र प्राकृतिक सुन्दरतालाई अवलोकन गर्न सकिने भएकाले साहसिक खेलप्रेमीका लागि निकट भविष्यमै मान्द्रेढुङ्गा उत्कृष्ट गन्तव्य हुनेमा आशावादी रहेको बताउनुभयो। नेपाल हवाई खेलकुद संस्थाका निर्वतमान अध्यक्ष कृष्ण भण्डारीले साविकको स्थानबाट नयाँ स्थानमा आवातजावातमा केही समय बढी लागे पनि मान्द्रेढुङ्गा प्याराग्लाइडिङका उत्कृष्ट सुरक्षित र भरपर्दो हुने विश्वास व्यक्त गर्नुभयो।

"मान्द्रेढुङ्गा नयाँ ठाउँमा पूर्वाधार विकासका लागि तत्काल व्यवसायीले केही लगानी गर्नुपर्ने छ", उहाँले भन्नुभयो, "झनै अग्लो उचाइबाट उडान गर्न पाइने र सुन्दर दृश्यवलोकन गर्न पाइने भएकाले उत्कृष्ट हुनेछ।" हाल पोखरामा करिब ६० वटा प्याराग्लाइडिङ कम्पनी छन् भने ५० वटा अहिले सञ्चालनमा छन्। त्यसैगरी तीन सय ७६ जनाले प्यारापाइलटले उडान अनुमति लिएका छन् भने व्यावसायिक रुपमा दुई सय ५० जनाले उडान गरिरहेका छन्। पोखराको प्याराग्लाइडिङमा रू एक अर्ब बराबरको लगानी रहेको बताइएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शिक्षकलाई खेलकुदको तालिम दिन क्लबसँग गण्डकी विश्वविद्यालयको सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

गण्डकी विश्वविद्यालय र पटिहानी फुटबल क्लब चितवनबिच खेलकुद प्रशिक्षक तालिम सञ्चालनका लागि सम्झौता भएको छ।

व्याचलर इन स्पोर्टस् म्यानेज्मेन्ट (खेल व्यवस्थापन) गण्डकी विश्वविद्यालय र क्लबले खेल प्रशिक्षक तालिमको लागि सम्झौता गरेको हो । सम्झौताअनुसार माघ १८ देखि २१ सम्म तालिम चितवनका स्कुलका खेलकुद शिक्षक, क्लबका सदस्यलाई तालिम प्रदान गरिनेछ। व्याचलर इन स्पोर्टस् म्यानेज्मेन्ट कार्यक्रमका कोडिनेटर डा मधु सुदन सुवेदी र पटिहानी फुटबल क्लबका अध्यक्ष पोस्टराज तिमिल्सिनाले



सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

प्रदेश सरकारले स्थापना गरेको गण्डकी विश्वविद्यालयले स्नातक तहको स्पोर्टस म्यानेजमेन्ट (बिएसएम) नेपालमा पहिलोपटक अध्ययन अध्यापन शुरु गरेको हो । कुनै पनि विषयमा कक्षा १२ वा नेपालमा सञ्चालन भएका सिटिइभिटी कोर्षबाट डिम्लोमा उर्तिण गरेकाहरुले बिएसमको अध्ययन गर्न पाउछन् । ४ वर्षे कोर्षको ८ सेमेष्टर अन्तर्गत अध्ययन अध्यापन हुने स्पोर्टस म्यानेजमेन्ट (बिएसम)ले नेपाली खेलकुदको जगलाई अझ बलियो बनाउन सहयोग पुग्ने भन्दै उद्देश्यका साथ विश्वविद्यालयले यो विषयको शुरुआत गरेको हो । 'शिक्षासँगै खेलकुद' भन्ने नाराका साथ पटिहानी फुटबल क्लबले मंसिरमा जिल्लाको ३२ सामुदायिक विद्यालयको सहभागितामा 'पिएफसी इमर्जिङ कप'को आयोजना गरेको थियो। स्थापनादेखि नै यस क्लबले फुटबलमा नयाँ खेलाडी उत्पादनको लागि तालिमसँगै विभिन्न गतिविधि गर्दै आएको छ । अध्यक्ष तिमिल्सिनाका अनुसार सबै गरेर ३० जना यो प्रशिक्षणबाट लाम्वभित हुनेछन् ।

# अम्विका भागवत् फाउण्डेशन नेपालको तेस्रो साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

अम्विका भागवत् फाउण्डेशन नेपालको तेस्रो साधारण सभा तथा सम्मान अर्पण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटाले संस्थालाई दिगो बनाउँनका लागि साधनस्रोत, अर्थ र जनशक्ति आवश्यकता रहेको बताउनुभयो। उहाँले फाउण्डेशनेले छोटो समयमा महत्वपूर्ण कार्य गरेकोमा खुसी व्यक्त गर्नुभयो । साथै संस्थालाई सफल बनाउनका लागि तन, मन, बचन र कर्मले लागि पर्नुपर्नेमा उहाँको जोड थियो । फाउण्डेशनले गर्दै आएको शान्ति मावि जुम्लेटीको कार्यक्रममा नेलम्बो नेपालले सहकार्य गर्ने घोषण समेत उहाँले गर्नुभयो।

कार्यक्रममा मानार्थ सदस्यबाट सम्मानित व्यक्तित्व कुसुमकेशब पराजुलीले संस्थाले गरेका कामको खुलेर प्रशंसा गर्नुभयो । उहाँले संस्थासँग सहकार्य गरेर कार्य गर्ने प्रतिवद्धता



समेत व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका वडा नम्वर ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले सहकार्य गरेर कार्यक्रम गर्न सकिने बताउनुभयो । संस्थाका संरक्षक अम्विका नेपाल, रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारी, डाँफे मनास्लु कृषि फार्मका अध्यक्ष दावा कुमार लामा, संस्थाका उपाध्यक्ष अम्विका भण्डारी, बाल सदस्य निश्चल श्रेष्ठ लगायतले बोल्नुभएको थियो । फाउण्डेशनका अध्यक्ष भागवत् नेपालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव देवी श्रेष्ठ गर्नुभएको थियो।

कार्यक्रममा प्रगति प्रतिवेदन सचिव देवी श्रेष्ठ र आर्थिक प्रतिवेदन कोषाध्यक्ष माधवी नेपाल प्रस्तुत गर्नुभएको थियो । शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्दै आएको संस्थाले शान्ति मावि जुम्लेटी, आनन्द ज्योती मावि बेगनास र वह्म ज्योति आधारभूत विद्यालय भरतपोखरी गरी १ सय २२ जना विद्यार्थीलाई अध्ययनका लागि सहायत गर्दै आएको छ।

# एनआरएनए यूकेका निवर्तमान अध्यक्ष पुनम गुरुङको बुद्धमण्डला र ग्रास रुट फूटवलको विकास गर्न सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

गैर आवासिय नेपाली संघ (एनआरएनए) यूकेका निवर्तमान अध्यक्ष पुनम गुरुङ्गले ग्रास रुट फुटवल खेलको विकास गर्न र धर्मकाया बुद्धमण्डला निर्माणको लागि आर्थिक सहयोग गरेकी छन् ।

आइतबार पोखरामा आयोजित स्वागत कार्यक्रममा एनआरएनए यूकेका निवर्तमान अध्यक्ष गुरुङ्गले बगर भाई खलकलाई ग्रास रुट फुटवल प्रशिक्षणको लागि अक्षयकोष स्थापनार्थ ५१ हजार र पोखरा ११ मा निर्माण हुन लागेको धर्मकाया बुद्ध मण्डला निर्माणको लागि १ लाख रुपैया आर्थिक सहयोग गरेकी हुन् । बगर भाई खलकका अध्यक्ष दील बहादुर गुरुङ र धर्मकाया बुद्ध मण्डला निर्माण समितिका अध्यक्ष रुद्रकुमारी गुरुङ(मैना)लाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेकी हुन्। कार्यक्रममा वोल्दै एनआरएनए यूकेका निवर्तमान अध्यक्ष गुरुङ्गले आफुहरु काम बिषेशले विदेश भए पनि नेपालको माया र यहाँको विकासको लागि केही सहयोग गर्न आफुहरु सधैं तयार रहेको बताइन्। आफ्ना बाबु मणि गुरुङ सानै देखि फुटवल खेलमा लागेको कारण फुटवल खेलको विकासको लागि र आफ्नो बाबाको सन्तुष्टिको लागि पनि आफुले बाबु जीउदो छदै सहयोग गर्न चाहेर सानो सहयोग गरेको उनको भनाई थियो।

भावुक हुदै उनले भनीनन् " मेरो बाबु सानै देखि फुटवलमा



निकै लाग्नु हुन्थ्यो, नेपाली सेनाको त्रिभुवन क्लव कुनै खेलको सेमिफाइनलमा पुग्नसाथ बाबाले हामीलाई खेल हेर्न लैजाने गर्नु हुन्थ्यो, आज मेरो बाबु मेरो लागि मेसी हुनुहुन्छ।

जसरी पेलेले कपडाको झुम्राको वल खेल्दै विश्व चर्चीत बने आफ्नो बाबुले पनि राम्रो देश र अवसर पाएको भए विश्वस्तरमै छाएको हुने एनआरएनए यूकेका निवर्तमान अध्यक्ष गुरुङ्गले दाबी गरिन्। नेपालबाट पनि कुनै खेलाडीले विश्व कप खेल्न सक्ने दाबी गर्दै उनले नेपालको नाम र चर्चा विश्व सामु पहिचान गर्न पनि नेपाली खेलाडीले विश्व कप फुटवलमा खेल्न आवश्यक भएको बताइन् । स्वागत कार्यक्रममा भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली, संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, पूर्व अध्यक्ष एवं प्रदेश खेलकुद परिषदका निवर्तमान सदस्य सचिव तेज बहादुर गुरुङ, पूर्व राष्ट्रिय फुटवल खेलाडी मणि गुरुङ, तमु धि यूकेका नेपाल संयोजक मे.लक्ष्मी गुरुङ लगायतको सहभागिता रहेको थियो। बगर भाई खलकले करिब एक सय जना ८ देखि १८ बर्ष मुनिका खेलाडीहरुलाई फुटवल एकेडेमीको रुपमा विकास गर्न पनि हाल ग्रास रुट फुटवल प्रशिक्षण सुरु गरेको अध्यक्ष दील बहादुर गुरुङले बताए। एक व्यक्तिबाट एक खेलाडीको छात्राबृत्ति अभियान सुरु गरिएको उनले जनाए।

एनआरएनए यूकेका निवर्तमान अध्यक्ष गुरुङ्गबाट एक जना त्यसै गरी लान्द्रुक पेट्रोल पम्पका संचालक, खलकका सल्लाहकार प्रेम बहादुर गुरुङबाट एक छात्रको लागि छात्रबृत्ति स्वरुप जनही एक एक लाख प्राप्त भएको खलकले जनाएको छ। खगर भाई खलकको आयोजनामा माघ ३ देखि ८ गतेसम्म पोखरामा प्रथम हिमालयन ब्रुअरी तथा बाह्रौ बगर भाई खलक एट ए साइड अन्तराष्ट्रिय भेट्रान फुटवल प्रतियोगिता हुने भएको याम गुरुङले बताए। त्यसै गरी पोखरामा माघ ६ गते पोखरामा सफल पोखरा अन्तराष्ट्रिय म्याराथन प्रतियोगिता हुने भएको छ।

# तनहुँका क्रसर उद्योग बन्द

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ पुस**

गृहमन्त्रालयबाट निर्देशन भएपश्चात तनहुँमा सञ्चालन भइरहेका क्रसर उद्योग बन्द भएका छन्। मापदण्ड विपरीत सञ्चालन भइरहेका क्रसर उद्योग बन्द भएका हुन्।

दर्ता नभएका, सञ्चालनको अनुमति नलिएका र नवीकरण नगरिएका ढुङ्गा, गिट्टी, रोडा तथा बालुवा उत्खनन र प्रशोधनमा संलग्न रहेका जिल्लाका क्रसर उद्योग बन्द गरिएको छ। गत बुधबार गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई दर्ता र नवीकरण नभएका तथा मापदण्ड पालना नगरेका क्रसर उद्योग तत्काल बन्द गर्न निर्देशन दिएपछि तनहुँमा सञ्चालनमा रहेका सबै क्रसर उद्योगमा ताला लगाइएको छ। दर्ता र नवीकरण नभएका क्रसर उद्योग तत्काल बन्द गर्न गृहमन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएपछि जिल्लामा पनि यसको कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो।

गृहले प्रशासनमार्फत जिल्लामा सञ्चालनमा रहेका दर्ता र नवीकरण नभएका सबै क्रसर उद्योग तत्काल बन्द गर्न आदेश जारी गरेपछि जिल्ला अनुगमन समितिको बैठक बसेर तत्काल क्रसर बन्द गर्ने निर्णय भएको वाग्लेले बताउनुभयो। क्रसर उद्योग सञ्चालित पालिकाका प्रमुखकै उपस्थितिमा गृहको परिपत्र कार्यान्वयनका लागि छलफल भएर बैठकले तत्काल बन्द गर्ने निर्णय हो।

# मिस तामाङ पोखराको ट्यालेण्ट राउण्ड सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

मिस तामाङ पोखराको ग्राण्ड फिनाले माघ १ गते हुने भएको छ । बैदाम तामाङ सेवा समाज पोखराको आयोजनामा हुने प्रतियोगिताको ग्राण्ड फिनाले पोखरा सभागृहमा आँउदो आइतबार हुने भएको समाजका अध्यक्ष ज्याक तामाङ्गले जानकारी दिनुभयो।

२८५९ औ सोनाम ल्होसारको अवसरमा आयोजना गरिएको मिस तामाङ पोखराको फाइनलमा १६ सहभागीले प्रतिस्पर्धा गर्नेछन् । सातौं संस्करण प्रतियोगिता अन्र्तगत ट्यालेण्ट राउण्ड सम्पन्न भएको छ। प्रतिभा प्रस्फुटन राउण्डमा सहभागिहरुले बिभिन्न प्रस्तुतीहरु प्रस्तुत गरका थिए। जस अन्र्तगत लक्ष्मी तामाङ्ग, रेनुका तामाङ्ग, अर्विना तामाङ्गले साँस्कृतिक नृत्य प्रस्तुत गरेका थिए। जुना तामाङ्ग र निशा तामाङ्गले भाषण कला, विकिता तामाङ्गले हस्तकला प्रस्तुत गरेका थिए । सुप्रिया तामाङ्ग, योगिता तामाङ्ग र आकृति तामाङ्गले गजल तथा कविता प्रस्तुत गरेका थिए। विपना तामाङ्ग, मनिषा तामाङ्ग, जिना तामाङ्ग, सुमित्रा तामाङ्ग, कृतिका तामाङ्ग, रोश्मा तामाङ्गले




साँस्कृतिक नृत्य तथा प्रिती तामाङ्गले तामाङ्ग गाउँका बारेमा प्रस्तुती दिएका थिए ।

ट्यालेण्ट राउण्डको निर्णायकहरुमा गीतकार तीर्थ तामाङ्ग, मिस तामाङ्ग पोखराका पूर्व विजेता दिप्ती तामाङ्ग, निमा तामाङ्ग रहेका थिए । सहभागिहरुलाई विभिन्न विधामा तालिम प्रदान गरिएको कार्यक्रम संयोजक राम लामाले जानकारी दिनुभएको छ । तामाङ्ग भाषा तथा संस्कृति देखि व्यक्तित्व विकास सम्मका तालिम सहभागिहरुलाई प्रदान गरिएको छ । समाजका अध्यक्ष ज्याक तामाङ्गको अध्यक्षतामा भएको कार्यक्रममा तामाङ्ग घेदुङ्ग कास्कीका अध्यक्ष भक्त तामाङ्ग, गीतकार तथा ट्यालेण्ट राउण्डका प्रमुख निर्णायक तीर्थ तामाङ्ग, कार्यक्रम संयोजक राम लामा, मिस तामाङ्ग पोखराका पूर्व विजेता निमा तामाङ्ग लगायतले बोलेका थिए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

## सम्पादकीय

# गठबन्धनको भागबन्डा

सत्ता गठबन्धनका दलका शिर्ष नेताहरूको बैठकले प्रदेश सरकारको नेतृत्व मुख्यमन्त्री र सभामुखको भागबन्डा टुङ्गो लगाएका छन् । प्रदेश प्रमुखले मुख्यमन्त्री दावी पेश गर्न दिएको समय भित्र भागबन्डा टुंगिएको छ । आइतबार साँझ बालुवाटारमा बसेको सत्ता साझेदार दलका शीर्ष नेताहरूको बैठकमा प्रदेश सरकार गठनको बाँडफाँट टुंगिएको छ । बैठकमा बाँकी रहेका ६ वटा प्रदेशमा सरकार गठनको बाँडफाँट टुंगिएको हो ।

बैठकमा गण्डकी र लुम्बिनीमा एमालेले सरकार बनाउने, वागमती र सुदूरपश्चिममा एमाले र माओवादीले आलोपालो गर्ने, मधेस प्रदेशमा जसपा र जनमतले आलोपालो सरकार बनाउने र कर्णालीमा माओवादीले सरकार बनाउने सहमति भएको छ । दलहरूले निर्णयलाई सार्वजनिक गरेका छैनन् । सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नागरिक उन्मुक्ति पार्टीको पनि दावी छासुदूरपश्चिमको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसले गठबन्धन भत्काउन नागरिक उन्मुक्ति पार्टीलाई मुख्यमन्त्री दिने प्रस्ताव गरेको छ । नागरिक उन्मुक्तिको रेशम चौधरीको रिहाइ र मुद्दा खारेजीको माग प्रमुख छन । मुद्दा छाडेर सत्ता स्वार्थमा जान सजिलो छैन ।

एमाले र माओवादी केन्द्रले जहाँ जुन दल ठूलो छ त्यहाँ त्यसैलाई मुख्यमन्त्री बनाउने सहमति सहि छा दलका शिर्ष नेताको बैठकले टुंग्याउनु अघि प्रदेश नं १ का सत्ता गठबन्धनका दलहरूले एमालेका हिक्मत कार्कीलाई समर्थन गर्दै प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । आइतबार प्रदेश १ मा भने नेकपा एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भइसकेका छन् । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउत सहभागी रहेका थिए ।

सुदूरपश्चिम र वागमतीमा आलोपालो मुख्यमन्त्रीको नेतृत्व एमाले र माओवादीले गर्ने भएका छन् । सुदूरपश्चिममा पहिले एमालेले नेतृत्व गर्ने भएको छ । त्यस्तै, वागमतीमा पहिले माओवादी र त्यसपछि एमालेले नेतृत्व गर्नेछ । उता मधेस प्रदेशमा पहिलो चरणमा जसपा र त्यसपछि जनमत पार्टीले नेतृत्व गर्ने मुख्यमन्त्री प्रदेश १ -एमाले, मधेश-जनता समाजवादी र जनमत पार्टी आलोपालो, बाग्मती - माओवादी केन्द्र र एमालेले पालैपालो, गण्डकी र लुम्बिनी - एमाले, कर्णाली - माओवादी केन्द्र र सुदूरपश्चिम - एमाले र माओवादी आलोपालो गर्नेछन् । मुख्यमन्त्री पछिको महत्वपूर्ण पद सभामुखम पनि गठबन्धनका दलहरूबीच वाँडफाँड भएको छ । मधेस र कर्णाली-एमाले सभामुख पाउनेछ । प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम - माओवादीले सभामुख पाउनेछ । मुख्यमन्त्री दाबी गरेको राप्रपाले बाग्मतीमा सभामुख पाउनेछ ।

गठबन्धनका शिर्ष नेताहरूको बैठकले उपसभामुख पनि भागबन्डा गरेको छ । जस अनुसारप्रदेश १ र गण्डकी-एमालेको भागमा परेको छ । बागमती र कर्णाली-माओवादीको भागमा छुट्ट्याइएको छ । लुम्बिनी- राप्रपाको भागमा परेको छ । मधेश प्रदेश-जनमत पार्टी र सुदूरपश्चिम-नागरिक उन्मुक्तिलाई प्रस्ताव गरिएको छ । नागरिक उन्मुक्ति सरकारमा जाने कि नजाने अलमलमा छ । पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री नियुक्ति गर्दा समर्थन गरेको उन्मुक्ति विश्वासको मत दिने नदिने ठोस निर्णय गरेको छैन । मधेस प्रदेशमा जसपा र जनमतको सहमति हुन नसकेमा कतिपय प्रदेशमा काङ्ग्रेस गठबन्धनको पनि बन्न सक्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एघारौं पोखरा महोत्सवमा सुरक्षा ब्यवस्था कडा पारिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

एघारौं पोखरा महोत्सवको सुरक्षा ब्यवस्था चुस्त दुस्त पारिने भएको छ । आगामी पुषको २७ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने महोत्सवको सुरक्षामा कुनै किसिमको कसुर बांकी नराख्ने कास्कीका प्रमुख जिल्ला अधिकारी टेक बहादुर केसीले वताए ।

महोत्सव आयोजक युनाईटेड क्लवका पदाधिकारीहरु संगको छलफल कार्यक्रममा प्रमुख जिल्ला अधिकारी केसीले पोखरा महोत्सवको सुरक्षाका लागि कास्कीका चार वटै सुरक्षा निकायहरुलाई महोत्सव स्थलमा खटाउने वताए । नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानको टोलीद्धारा महोत्सव अवधिभर महोत्सवको सुरक्षामा लाग्ने वताउदै प्रमुख जिल्ला अधिकारी केसीले महोत्सव आयोजक संग सहकार्य गरेर सुरक्षा निकायले महोत्सवको सुरक्षा गर्ने वताए ।

युनाईटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काम संगै पोखरामा खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी गर्दै सेती नदी संरक्षणमा समेत काम गर्दै आइरहेको आफुले थाहा पाउदा खुसी लागेको वताउदै कुनैपनी संघ संस्थाले आयोजना गर्ने मेला महोत्सवहरुलाई सुरक्षा प्रदान गर्नु आफुहरुको कर्तब्य रहेको वताउदै पोखरा महोत्सवको सुरक्षामा पनि आफुहरुले कुनैपनि कसुर बांकी नराख्ने वताउदै महोत्सवको सफलताको कामना समेत गरे । त्यस्तै जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले महोत्सवको सुरक्षाका लागी नेपाल प्रहरीले शसस्त्र प्रहरी, राष्टिय अनुसन्धान, आयोजकले उपलब्ध गराएको निजी सुरक्षा कम्पनीहरु संग सहकार्य गरेर महोत्सवमा कुनैपनि अप्रिय घटनाहरु हुन नदिने वताए ।

सो अवसरमा वोल्दै युनाईटेड क्लवका कार्यसमिति सदस्य तथा सुरक्षा ब्यवस्थापन उपसमिति संयोजक विष्णु कुमार गुरुङले पोखरा महोत्सवको सुरक्षाका लागी सुरक्षा निकाय संगै आफुहरुले निजी सुरक्षा कम्पनीहरु संग सहकार्य गरेर महोत्सवलाई सुरक्षित गर्ने वताए । त्यस्तै महोत्सवमा सुरक्षाकर्मी संगै महोत्सवमा एकदर्जन बढी सिसि क्यामेरा द्धारा समेत २४ सै घण्टा निगरानी गरिने समेत गुरुङले जानकारी दिए । त्यस्तै क्लवका संस्थापक अध्यक्ष हिमालय बख्रेलले पोखरा महोत्सवको आयोजना गरी सामाजिक काममा अगाडि वढिरहदा एघारौं संस्करणको पोखरा महोत्सवलाई पनि विगतका महोत्सवहरुलाई जस्तै गरी प्रशासनबाट सहयोगको अपेक्षा राखे । क्लवका अध्यक्ष राजु श्रेष्ठले एघारौं पोखरा महोत्सवको सम्पूर्ण तयारी पुरा भएको जानकारी दिदै महोत्सवले रमाइलो गर्नेमात्र नभइ सामाजिक कामकै लागि महोत्सवको आयोजना गरिदै आएको वताए ।

# इन्द्रराज्य लक्ष्मी मा.वि. मा वार्षिक खेलकुद सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

पोखरा महानगरपालिका वडानं१६लामाचौरमाअवस्थित इन्द्रराज्य लक्ष्मी माध्यमिक विद्यालयमा वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ ।

आइतबारदेखि तीनदिन सञ्चालन हुने कार्यक्रमको पोखरा महानगरपालिका वडा नं १६ का वडाध्यक्ष अमृतप्रसाद तिमिल्सिनाले रेफ्री एवम् विद्यालयका खेलकुद शिक्षक विशाल नेपाली र लक्ष्मण देवकोटालाई बल हस्तान्तरण गरेर उद्घाटन गर्नुभयो । खेलकुद समितिका संयोजक तथा माध्यमिक तह इन्चार्ज बलबहादुर श्रेष्ठको अध्यक्षता एवम् शिक्षक सीता पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलबहादुर थापा, चित्रबहादुर थापा लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

उद्घाटन समारोहमा विद्यालयका प्रधानाध्यापक केशवप्रसाद अम्गाई, सहायक प्रधानाध्यापक पूर्णभद्र अधिकारी, गोविन्दबहादुर थापा, निर्मल थापा, भुवन भट्टराई, चिनीमाया श्रेष्ठ लगायतको उपस्थिति थियो । कार्यक्रमका अवसरमा फुटबल, भलिबल, टेबल टेनिस, रिले दौड, कुर्सी दौड, लगायतका विविध खेलकुद आयोजना गरिने छ ।

खेलकुद कार्यक्रममा खेलकुद समितिका सदस्यहरू गोपाल गुरुङ, इन्दु खनाल, गणेश अधिकारी र विशाल नेपालीले संयोजनको भूमिका निर्वाह गर्नुभएको जनाइएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, कास्की लौसीखोला थाँमाको डाँडा सडक स्तरोन्नती गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : लौसीखोला थाँमाको डाँडा सडक स्तरोन्नती
उपभोक्ता समिति: लौसीखोला थाँमाको डाँडा सडक निर्माण समिति, पोखरा २१
योजना सुरु मिति : २०७९/०७/१६ गते
योजना सम्पन्न मिति : २०७९/०८/२९ गते
बाटोको लम्बाइ : १११ मिटर
योजनाको कुल लागत : रु. ५,९५,५२५/५०
महानगरपालिकाबाट प्राप्त : रु. ५,००,०००/-
जनश्रमदान : रु.५४,३२४/-

**लेखनाथ पोखरेल**
अध्यक्ष
**लौसी खोला थामाको डाँडा सडक निर्माण समिति**
पोखरा-२१, कास्की


# हरिहर महिला बचत तथा ऋण सहकारी संस्थाको बार्षिक साधारणसभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ पुस**

पोखरा महानगरपालिका वडानं. २० भलाममा रहेको हरिहर महिला बचत तथा ऋण सहकारी संस्थाको बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

शनिबार सम्पन्न भएको कार्यक्रमको प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं. २० का वडा अध्यक्ष गंगाबहादुर खत्री रहनुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं. २० का वडा अध्यक्ष गंगाबहादुर खत्रीले सहकारीहरुलाई प्रबिधी मैत्री बनाउन सके काम गर्न सजिलो हुने धारणा राख्नु भयो । उहाँले सहरकारीले गाउँ बस्तीको विकासमा ठूलो योगदान गरेकाले देशको अर्थतन्यमा यसको महत्वपूर्ण भूमीका रहेको बताउनु भयो । गाउँ गाउँमा सहकारी खोल्दा रोजगारीका साथै आय आर्जन, व्यपार व्यवसायका लागी ऋण समेत उलब्ध हुने भएकाले युवा पलायनलाई समेत यसले रोकेको बताउभयो ।

कार्यक्रमका बिशेष अतिथी सामाजिक बिकास शाखाका प्रतिनीधी बिष्णुमाया पौडेलले महिला तथा बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन सहकारीहरुको भूमीका ठूलो हुने बताउनुभयो । महिला ससक्तिकरणको लागी सहकारीहरुले वडासंग सहकार्य र समन्वय गरी सस्तो ब्याजदरमा कर्जा प्रबाह गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै सहकारीका प्रबन्धक मिना खत्रीले सहकारीले गर्दा गाउँमा महिला उद्यमी तथा महिलाहरुको सीप बिकासमा ठूलो सहयोग मिलेको बताउनुभयो । कार्यक्रममा नेकपा एमाले वडा कमिटी भलामका अध्यक्ष त्रिलोचन गौतम, संस्थाका पूर्व अध्यक्ष मुना सुवेदी, भलाम सहकारी संस्थाका अध्यष कृष्ण बहादुर खत्री, राप्रपा पार्टी प्रतिनीधि रामजी खत्री, हरिहर महिला बचत तथा ऋण सहकारीका संस्थापक गणेश बहादुर खत्री लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहकारीको आर्थिक प्रतिवेदन कोषाध्यक्ष कल्पना कार्कीले राख्नुभएको थियो भने सचिवको प्रतिवेदन कार्यक्रम संचालिका तथा सहकारीकी सचिव अमृता तिवारी तिमिल्सिनाले राख्नुभएको थियो । कार्यक्रममा बोल्दै सहकारीकी अध्यक्ष सरास्वती थापाले सहकारी सेयर सदस्यहरुले आफ्नो दायित्व निर्वाह गरी सदस्यहरु थप गर्ने तथा कर्जा लगानीलाई सहज बनाउन भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । उहाँले सहकारी भनेकै सबै मिलेर व्यवस्थापन गर्ने हो, सबैले मिलेर यसलाई आम नागरिकमाझ लान सकियो भने लागनी गर्ने र कर्जा मार्फत व्यवासाय गर्ने सबैको भलो हुने हुँदा सबैले बिचार गर्न आग्रह गर्नुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०१५/०३/२९ गते

स्वर्गारोहण : २०७९/०९/०३ गते

**स्व. विष्णु प्रसाद बास्तोला**

यस चण्डिमाई सेवा समितिका आजिवन सदस्य **विष्णु प्रसाद बास्तोला**को ६४ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**तेज बहादुर भुजेल**
**अध्यक्ष तथा**
**श्री चण्डिमाई सेवा समिति परिवार**
**पोखरा-९, दरबारथोक**

## हार्दिक समवेदना



जन्मः वि.सं. २०१८/१०/१६ गते

स्वर्गारोहण : २०७९/०९/१३ गते

**स्व. डम्मर कुमारी गुरुङ**

यस म्लों हों कोने परिवारका सदस्य याद बहादुर गुरुङको धर्मपत्नी पोखरा महानगरपालिका वडा नं. २० आँटीघर घर भई हाल पोखरा महानगरपालिका वडा नं.-१३ चिसापानी निवासी **डम्मर कुमारी गुरुङ**को ६१ वर्षको उमेरमा भएको अकल्पनीय एवम् असामयिक दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथि एव अर्घौं कार्यमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि बुद्ध भगवानमा कामना गर्दै समवेदना प्रकट गर्दछौं ।

**अध्यक्ष एवं**
**म्लों ह्रों कोने परिवार**
**पोखरा**

# लाहाचोकका ज्येष्ठ महिला समाजसेवीको सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस



वैदेशिक रोजगार मञ्च लाहाचोकको आयोजना र माछापुच्छ्रे त्रिशक्ति युनाइटेड क्लबको समन्वयमा शनिवार लाहाचोकका आमाहरूलाई संयुक्त रूपमा सम्मान गरिएको छ।

विभिन्न समयमा विभिन्न माध्यमबाट सामाजिक योगदान दिएका १८ जना आमाहरूलाई दोसल्ला, सम्मानपत्र, नगद र बाजागाजासहित सम्मान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ लोकदोहोरी गायिका हरिदेवी कोइराला, गाउँपालिका उपाध्यक्ष सीता अधिकारी, पूर्व उपाध्यक्ष कृष्णकुमारी दवाडी, वडाध्यक्ष मधुसूदन अधिकारी, पूर्व वडाध्यक्ष पूर्णबहादुर शाही, लगायतले सम्मान अर्पण गरेका थिए। प्रमुख अतिथि कोइरालाले लाहाचोकका आमा र दिदीबहिनीहरूलाई एकै ठाउँमा सम्मानित गर्न पाउँदा आफूलाई एउटा यज्ञको अनुभूति भएको बताइन्। उनले आमाहरू ज्ञानका सागर भएकाले मञ्चले हरका मूर्तिको पूजा गरेर स्तुत्य कार्य गरेको धारणा राखिन्। कार्यक्रममा स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतम नेका वडा सभापति रामचन्द्र अधिकारी, नेकपा एमालेका वडाध्यक्ष टेकबहादुर श्रेष्ठ, महेन्द्र माविका प्रधानाध्यापक जगन्नाथ अधिकारी, राष्ट्रिय युवा संघ कास्कीका अध्यक्ष पानबहादुर जिसी, कास्की आदर्श समाज अन्तर्राष्ट्रिय परिषद्का नेपाल संयोजक विश्वबन्धु थापा, समाजसेवी भगवान शाही, राजेश परियारलगायतले बोल्नु भएको थियो। वक्ताहरूले समाजमा आमा सभ्यता र संस्कृति हराउँदै गएकाले त्यसको संरक्षणमा जोड दिनुपर्ने धारणा राखेका थिए। सम्मानित आमाहरूमध्येबाट बोल्दै हरिप्रभा पौडेलले विदेशमा रहेका छोराछोरीहरूले कहिले लाहाचोकका आमाहरूलाई, कहिले बाबा र कहिले विशिष्ट प्रतिभाहरूलाई सम्मान गरेर आमाबुबाहरूमा थप जागर बढाउन सफल भएको बताइन्। समारोहमा समाजसेवी ज्योति शाही, लाहाचोकमा संगठित रहेका सम्पूर्ण आमा समूहलाई पनि सम्मान गरिएको थियो। साथै समारोहमा अनुशासित समूहका रूपमा उपस्थित हुने आमा समूह, ज्येष्ठ सदस्य र कार्यक्रमलाई सफल पार्न विशेष प्रायोजन गर्ने दातालाई पनि सम्मानित तथा पुरस्कृत गरिएको थियो।

मञ्चका सहकोषाध्यक्ष सुशील श्रेष्ठले मञ्चले हालसम्म ३५ लाख बढी रकम संकलन गरी विभिन्न समस्यामा परेका लाहाचोकवासी दाजुभाइ, दिदीबहिनी र आमाबुबालाई सहयोग हस्तान्तरण गरेको जानकारी गराए। सोही समारोहबीच क्यान्सर पीडित सञ्जय विकको उपचारका लागि मञ्चद्वारा संकलित एक लाख ४२ हजार र स्थानीय आमा समूह तथा समाजसेवीबाट गरी दुई लाख ५० हजार रकम पीडितका बुबालाई हस्तान्तरण गरिएको थियो। कार्यक्रम मञ्चका अध्यक्ष राजु क्षत्री अपुरोको संयोजकत्वमा क्लबका अध्यक्ष बासुदेव ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो।

# स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाज कास्कीको प्रथम साधारणसभा तथा अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस



स्याङजा जिल्लाको गल्याङ नगरपालिका वरिपरिका क्षेत्रहरुबाट आई कास्की जिल्ला पोखरा महानगरपालिका भित्र बसोबासस गरि विभिन्न पेशा, व्यवसाय, सामाजिक सेवा तथा अन्य विभिन्न शिलशिलामा स्थायी वा अस्थायी रुपमा बसोबास गर्दै आएका बन्धु वान्धुवीच बन्धुत्वको भावना, सहयोग सद्भावमा विकास गर्दै एक आपसमा भेटघाट र सम्पर्कको माध्यमबाट संस्थागत रुपमा सामाजिक, आर्थिक, शैक्षिक, बौद्धिक विकास गर्न स्थापना गरिएको समाजको प्रथम वार्षिक साधारण सभा तथा प्रथम अधिवेशन सम्पन्न भएको छ।

पोखरामा भएको सो कार्यक्रममा प्रमुख अतिथि गल्याङ नगरपालिकाका मेयर गुरु प्रसाद भट्टराईले यस समाजको सबै खालको काममा अग्रसर रहनुहुने सबै सदस्यहरुसँग आफु पदीय जिम्मेवारीमा रहँदा या नरहँदा पनि संस्थालाई सधै साथ दिई अगाडि बढ्ने बताउनु भयो। समाजका हरेक दुःख र सुखमा आफ्नो भरपुर सहयोग र साथ रहने बाचा गर्दै धन्यवाद व्यक्त गरेका थिए। कार्यक्रममा ने.क.पा एमाले स्याङजा जिल्ला अध्यक्ष सुर्य प्रसाद गैरेले गल्याङबाट पोखरा आई छरिएर अस्थायी वा स्थायी बसोबास गर्ने गल्याङबासीलाई एकजुट बनाई एउटा समृद्ध समाजको निर्माण गरिएकोमा खुशी व्यक्त गर्दै नव गठित कार्यसमितिलाई बधाई दिनु भएको थियो। नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश सदस्य लोकेन्द्र तरामले लगायत गल्याङ नगरपालिकाका उपस्थित वडा अध्यक्षहरुले आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। संस्थाको पहलो अधिवेशनबाट गरिमामय अध्यक्ष पदम बुद्धि प्रसाद भण्डारी, उपाध्यक्षमा विष्णु प्रसाद बस्याल, सचिवमा ईश्वर प्रसाद भट्टराई, सह-सचिवमा हरि प्रसाद खनाल, कोषाध्यक्षमा कमला खनाल, सदस्यहरुमा क्रमशः टिकाराम चापागाईं, ईश्वर न्योपाने, मेख बहादुर श्रीस, दल बहादुर थापा, सोमनाथ न्योपाने, बिन्दु गिरी, कविन्द्र देव खनाल, हुमराज भण्डारी निर्वाचित भएका छन्। नवनिर्वाचित कार्यसमितिलाई गल्याङ नगरपालिकाका उप-प्रमुख हेमा न्योपानेले अबिर र खादा लगाई बधाई ज्ञापन गर्नुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन संस्थाका सचिव ईश्वर प्रसाद भट्टराईले गरेका थिए भने आफ्नो मन्तव्य राख्दै संस्थाका अध्यक्ष बुद्धि प्रसाद भण्डारीले कार्यक्रको समापन गरेका थिए।

# गोरखा मिलन समाज पोखराको रमाईलो बनभोज कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

गोरखा मिलन समाज पोखराले रमाईलो बनभोज कार्यक्रम सम्पन्न गरेको छ।

गोरखा जिल्लाबाट पोखरा आई बसोबास गर्ने सबैको साझा समाजको रुपमा स्थापित गोरखा मिलन समाज पोखराले आफ्नो बार्षिक कार्यक्रम अर्न्तगत बनभोज कार्यक्रमलाई हरेक बर्ष गर्दै आएको छ। पारिवारिक मिलन, परिचय तथा भेटघाटका साथ रमाईलो गर्ने उद्देश्यले गरिएको कार्यक्रममा गण्डकी प्रदेशका निवर्तमान उर्जा खानेपानी तथा सिंचाई मन्त्री हरि शरण आचार्यको प्रमुख उपस्थिती रहेको थियो भने समाजका पूर्व अध्यक्ष, सल्लाहकारहरु, संस्थापक सचिव गणेश श्रेष्ठ, संस्थामा आबद्ध सबै सदस्यहरु लगायत बिभिन्न कलाकार हरुको समेत उपस्थिती रहेको थियो। कार्यक्रममा खेलकुदका बिबिध बिधाहरु समावेश गरिएको थियो। बालबालिका तथा महिला पुरुषहरुको लागि बिस्कुट टिपाई, राउण्ट चियर, नृत्य प्रतियोगीता, अड्कलबाजी, घैंटा फूटाई लगायतका खेलहरु समावेश गरिएको थियो।

कार्यक्रममा समाजको देउसी भैलोमा सहयोग गर्ने बिभिन्न महानुभावहरु लागायत कलाकार हरुलाई सम्मानपत्र प्रदान गरिएको थियो।

कार्यक्रमको संयोजन समाजका सचिव शित्तल श्रेष्ठले गर्नुभएको थियो भने खेलकुद संयोजन पदमलाल श्रेष्ठ र संस्कृतीक कार्यक्रमको संयोजन समाजका कार्यसमिति सदस्य बिकास नेपालीले गर्नुभएको थियो भने कार्यक्रमको सभापतित्व समाजका अध्यक्ष कोपिला श्रेष्ठले गर्नुभएको थियो।

# कालिका आधारभुतको ३३ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २४ पुस

पोखरा महानगरपालिका वडा नं ३२ मजुवास्थित कालिका आधारभुत विद्यालयको ३३ औं वार्षिकोत्सव एवम् अभिभावक दिवस एक कार्यक्रमकाबीच सम्पन्न भएको छ।

कार्यक्रमका अवसरमा विद्यालयको स्थापनामा योगदान गर्ने व्यक्तिहरूको सम्मानका साथै उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले गुणस्तरीय शिक्षामा जोड दिन आग्रह गर्दै आफ्नातर्फबाट सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले गुणस्तरीय शिक्षामा जोड दिदै वडाका तर्फबाट निरन्तर सहयोग गने उल्लेख गर्नुभयो। नेपाली काँग्रेस कास्की क्षेत्र नं १ का सभापति राजेन्द्रमणि लामिछानेले आम सर्वसाधारणलाई शिक्षामा समान अवसर दिलाउने लक्ष्य सहित विपी कोइरालाले पार्टीको स्थापना गर्नुभएको स्मरण गर्दै विद्यालयको सर्वाङ्गिण विकासका लागि संघ, प्रदेश र स्थानीय तीन तहबाटै सहयोग गराउनका लागि सक्दो पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. २०१५/०३/२९ गते

स्वर्गारोहणः
वि.स. २०७९/०९/१३ गते

**स्व. विष्णु प्रसाद बास्तोला**

यस बास्तोलाथर टोल विकास समिति, पोखरा–०९, बास्तोलाथरका हितैषी शुभचिन्तक **विष्णु प्रसाद बास्तोला** को ६४ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद् घडीमा शोकसन्तप्त परिवारजन, आफन्त बन्धुबान्धव सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनि प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**बास्तोलाथर टोल विकास समिति परिवार**
**तथा**
**बास्तोला परिवार**
**पोखरा–०९**